## २.स्वास्थ्य सेवा तथा विपद् व्यवस्थापनः-

- ❖ स्वस्थ्य धनकौलको गाउँपालिकाको लागी हरेक स्वास्थ्य चौकीबाट मासिक रुपमा नसर्ने रोगबाट हुने जटिलता,आर्थिक तथा मानवियक्षतीको रोकथामका लागि समयमै रोगको पहिचान र उपचारका कार्यक्रम मार्फत दीर्घरोगीहरुलाई स्वास्थ्य परिक्षण तथा औषधि उपलब्धता समेतका लागी मेडिकल अधिकृत सहितको टोली द्वारा स्वास्थ्य परिक्षणको व्यवस्था गरिनेछ ।
- ❖ स्वास्थ्य सूचना केन्द्रलाई अझ बढी प्रभावकारी बनाई समयमै अनलाईन डाटा वेश प्रणलीमा आवध गर्न हरेक स्वास्थ्य संस्थामा इन्टरनेट सहितको लयावटप तथा प्रिन्टरको व्यवस्था गरिनेछ ।
- ❖ गुण्स्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको सर्ब सुलभ पँहुचको सुनिश्चितता गरिनेछ । अशक्त,असहाय र जेष्ठ नागरिकलाई स्वास्थ्य संस्था/सा.सु.भत्ता लिन बैंक सम्म आवत जावतको सहजताको लागि ई रिक्साको व्यवस्थापन गरि निःशुल्क रुपमा संचालनमा ल्याइनेछ ।
- ❖ गर्भवती महिला तथा गर्भको शिशुको समेत स्वास्थ्यलाई ध्यानमा राखी हरेक गर्भधारनण गर्न इच्छुक महिलाहरुलाई निःशुल्क फोलिक एसिड तथा गर्भवती महिलाहरुको ज्यानै जान सक्ने गरी हुन सक्ने ईकलाम्पसिया/प्रिईकलाम्पसिया रोग समेतको रोकथाम गर्नका लागी प्रोटोकल्सनुसार नियमित रुपमा निःशुल्क क्यालसिम चक्की वितरण कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ मातृ तथा नवशिशु मृत्यु दर कम गर्नका लागि संस्थागत गर्भवती जाँच गराउन आउने महिलाहरुलाई निःशुल्क (ANC Package)प्रयोगशाला जाँच तथा संस्थागत सुत्केरी गराउने महिलाको लागि निःशुल्क एम्बुलेन्स सेवा प्रवाह गरिनेछ ।
- ❖ होम डेलिभरी बढी भएका वडाहरुमा संस्थागत डेलिभरीका लागी आमा समुहमा तालिमको व्यवस्था,ग्रामिण अल्ट्रासाउण्ड सेवाको पहुच तथा निःशुल्क सवारी साधनको व्यवस्था गरिनेछ ।
- ❖ अगामी आर्थिक बर्ष भित्रमा सुविधा सम्पन्न अस्पताल भवनको निर्माण सम्पन्न गर्न लाई जोड दिइनेछ ।
- ❖ १५ वेडको आधारभुत अस्पताल नबने सम्म एक जना मेडिकल अधिकृत सहितको नियमित ओ.पी.डि. सेवा हरकठवा स्वा.चौकीबाट दैनिक रुपमा संचालन गरिनेछ ।

